मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : ३९ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ पुस ९ गते बुधवार (Wednesday, December 25. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## मन्टेश्वरी तालिममा भर्ना खुल्यो

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ पुस १३ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

# प्रहरी कारवाहीमा चार करोड राजश्व

## ३२ जना विप्लव कार्यकर्ता, १४५ जना लागूऔषध कारोवारी पक्राउ

**बिर्तामोड, पुस ८ ।** प्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला भएका कारण पनि झापालाई सुरक्षाका दृष्टिले महत्वपूर्ण रुपमा हेरिने गरिएको छ । झापाका सुरक्षाकर्मीलाई पनि प्रधानमन्त्रीको साख जोगाउन सकस नै हुन्छ । राजनीतिक दृष्टिकोणले पनि यहाँको सुरक्षाको विषय निक्कै महत्वपूर्ण मानिन्छ ।

झापाको एक कार्यक्रममा सहभागी भएर राजधानी फर्किए लगत्तै प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल कम्युनिष्ट पार्टी (विप्लव समूह)लाई प्रतिवन्ध लगाए । त्यस लगत्तै विप्लव माओवादीले झापाका विभिन्न स्थानमा विष्फोटका घटनाहरु गराएर जिल्लावासीलाई त्रसित बनाएका थिए । विप्लव माओवादीले सरकारी कार्यालयदेखि वित्तीय संस्था, एनसेलका टावरमा श्रृङ्खलावद्ध बम विष्फोट गराएर प्रहरीलाई शान्ति सुरक्षा कायम राख्न चुनौति थपेको थियो । तर, जिल्ला प्रहरी कार्यालय झापाले विशेष सुरक्षा रणनीति अपनाउँदै झापाबाट मात्रै जिल्ला इञ्चार्जसहित ३२ जना विप्लवका कार्यकर्तालाई नियन्त्रणमा लिएसंगै शान्ति सुरक्षा कायम राख्न झापा प्रहरी सफल भयो । जसको नेतृत्व गरेका थिए- प्रहरी उपरीक्षक दीनेशराज मैनालीले ।

उनकै योजना अनुसार जिल्लाका विभिन्न स्थानबाट विप्लवका कार्यकर्तालाई नियन्त्रणमा लिइएको थियो । नियन्त्रणमा लिएकामध्ये अझै पनि एक जना विप्लवका कार्यकर्ता प्रहरीकै नियन्त्रणमा छन् । पक्राउ परेकामध्ये ६ जनालाई कारगार चलान गरिएको छ भने ६ जनालाई नै थप कारवाहीका लागि अन्य जिल्लामा वुझाइएको छ । अनुसन्धानपछि सात जना पक्राउ परेका विप्लवका कार्यकर्ता छुटेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । तीमध्ये १२ जनाले पार्टी परित्याग गरेको जिल्ला प्रहरी कार्यालय झापाले मंगलावार पत्रकार सम्मेलन गर्दै जानकारी गराएको छ ।



प्रहरी उपरीक्षक मैनाली

प्रहरीले अर्जुनधारा-१स्थित शान्ति टोलवाट ठूलो परिमाणमा विष्फोटक पदार्थ बरामद गरेको थियो । त्यस्तै मेची भन्सार कार्यालयको यात्रु शाखा कार्यालयको कम्पाउण्डभित्र झोलामा राखिएको अवस्थामा तार जडित ५० थान डेटोनेटर, एक सय ९९ थान लोला बरामद गरेको थियो । प्रहरीले कटुवा पेस्तोल दुई थान त्यसमा प्रयोग हुने चार राउण्ड गोली, पाँच वटा मोवाइल सेट बरामद गर्दै विप्लवको गतिविधिलाई निस्तेज पारेको थियो ।

अपराध अनुसन्धानमा विशेष ध्यान दिने प्रहरी उपरीक्षक मैनालीले चोरी तस्करी नियन्त्रणका क्षेत्रमा समेत उत्तिकै भूमिका निर्वाह गरेको बताइएको छ । उनकै पहलमा झापामा लामो समयदेखि हुँदै आएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## समाजवादी पार्टी सरकारबाट बाहिरियो



**काठमाडौँ, पुस ८ ।** समाजवादी पार्टी सरकारबाट बाहिरिएको छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सँग गरेको संविधान संशोधनलगायत दुई बुँदे सहमति कार्यान्वयन नभएको भन्दै पार्टीले आफू सरकारबाट बाहिरिएको घोषणा गरेको हो । सो पार्टीका अध्यक्षसमेत रहेका उपप्रधानमन्त्री उपेन्द्र यादवले आफूले पदबाट राजीनामा दिएको विज्ञप्तिमार्फत जानकारी गराएका छन् ।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री यादवले 'यही पुस ७ गतेको मन्त्रिपरिषद् बैठकमा आफूले संविधान संशोधनका लागि आवश्यक गृहकार्य गर्न संविधानविज्ञ सम्मिलित विज्ञ सुझाव समिति गठन गर्न गरेको प्रस्तावलाई अस्वीकार गरेकाले' आफूले मन्त्रीबाट राजीनामा दिएको उल्लेख गरेका छन् । उपप्रधानतमन्त्री यादवद्वारा जारी विज्ञप्तिमा दुई बुँदे सहमतिबाट सरकार पछि हटेको तथा सहमतिलाई एकतर्फी रुपमा तोडेको प्रष्ट भएकोले नैतिकताको आधारमा सरकारमा बसिरहनुको औचित्य नभएकोले आजकै मितिबाट लागू हुने गरी उपप्रधानमन्त्री एवम् कानून, न्याय तथा संसदीय मामिलामन्त्री पदबाट राजीनामा दिएको उल्लेख छ ।

तत्कालीन संघीय समाजवादी पार्टी फोरम संविधान संशोधनलगायतका माग पूरा गर्ने शर्तमा सरकारमा सहभागी भएको थियो । समाजवादीले मन्त्रिपरिषद् बैठक तथा संसद्मा पटक-पटक विषय प्रवेश गराउनाका साथै संविधानलगायतका विषयमा प्रधानमन्त्रीसमक्ष स्मरणपत्र पनि दिएको तर सुनुवाइ

*(बाँकी अन्तिम पृष्ठमा)*

## बसको ठक्करबाट पैदलयात्रीको मृत्यु

**झापा, पुस ८ ।** झापाको दमक नगरपालिका-५मा बसको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ ।

मंगलवार बिहान साढे ११ बजेको समयमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना६ख ९३४३ नम्बरको यात्रु बाहक बसले बाटो काट्दै गरेकी पैदल यात्री बेलवारी नगरपालिका-११ घर भई धरान बस्दै आएकी ६० बर्षीया धनमाया राईलाई ठक्कर दिइ घाइते बनाएको थियो । घाइते राईलाई उपचारको लागि लाइफ लाइन अस्पताल दमक लैजाने क्रममा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्कर दिने बस तथा चालकलाई इलाका प्रहरी कार्यालय दमकले नियन्त्रणमा लिएको छ ।

## नक्कली नोट कारोवार गर्ने पक्राउ

**झापा, पुस ८ ।** एक हजार दरका नक्कली नोटको कारोवार गर्ने चारजना बङ्गलादेशी नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

महानगरीय प्रहरी वृत्त थिमीको टोलीले उनीहरुलाई मंगलवार पक्राउ गरेको हो । पक्राउ पर्नेमा बङ्गलादेश नेत्रकुना घर भई मध्यपुरथिमी-१ लोकन्थली बस्ने ४१ वर्षीय अलि अहमद, २१ वर्षीय रोबेल मिक्दा र २१ वर्षीय महमद उल्लाहा रहेका छन् । त्यस्तै मुख्य अभियुक्त भनिएका फरार सुमन खानलाई पेप्सीकोला टाउन प्लानिङमा लुकिछिपी बसिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेका चारै जनालाई आवश्यक कानूनी कारवाहीको प्रक्रिया अगाडि बढाएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रमुख सबिन प्रधानले जानकारी दिए ।

गत पुस ३ गते भक्तपुरको मध्यपुर थिमी नपा-१मा रहेको परिधि गिफ्ट पसलबाट बङ्गलादेश फरिदपुर घर भई हाल लोकन्थली बस्ने २६ वर्षीय सुमन खानले सामान खरिद गरी नक्कली नोट रु. दुई हजार दिई फरार भएको भन्ने सूचनाका आधारमा प्रहरीले खोजी गरेको थियो ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## आज खीष्टमस दिवस

**झापा, पुस ८ ।** खीष्टमसको उपलक्ष्यमा नेपाली इसाईहरूले आज खीस्टमस दिवस मनाउँदैछन् ।

ग्रेगोरियन पात्रो अनुसार यो दिवस प्रत्येक वर्षको डिसेम्बर महिनाको २५ तारिखका दिन विश्वभरका क्रिश्चियन धर्मावलम्बीले मनाउँछन् । २०१९ वर्षअघि इजरायलको वेथलेहममा पिता स्वर्गदूत र माता मरियमका गर्भबाट येशुको जन्म भएको राष्ट्रिय खीष्टियन महासंघ, नेपालका अध्यक्ष सिबी गहतराजले राससलाई जानकारी दिए ।

येशुको जन्मोत्सवको उपलक्ष्यमा क्रिश्चियन धर्मावलम्बीले प्रभु येशुले समस्त नेपालीको कल्याण गरून् भन्ने कामनासहित देशभरका चर्चमा प्रार्थनालगायत कार्यक्रम गर्ने जनाइएको छ । हाल नेपालमा १२ हजार पाँच सय चर्च र ३० लाख भन्दा बढी क्रिश्चियन धर्मावलम्बी रहेको उनले बताए ।

साताव्यापी रूपमा विश्वभर मनाइने खीष्टमसको अवसरमा महासंघले सम्पूर्ण नेपालीमा प्रेम, शान्ति, एकता, भाइचारा, सुख एवम् समृद्धिका लागि प्रार्थना गरेको छ ।

संघले ग्रेगोरियन पात्रो अनुसारको नयाँ वर्ष सन् २०२०को उपलक्ष्यमा सबै नेपालीलाई शुभकामना व्यक्त गरेको छ ।

## १००० थान ठेकीसहित सात जना पक्राउ

**झापा, पुस ८ ।** बढैयाताल गाउँपालिका-२ फुटाहाबाट अवैध रुपमा भन्सार छली भारततर्फ लैजान लागेको करिब एक लाख २५ हजार रुपैयाँ मूल्य बराबरको काठको ठेकी एक हजार थानसहित भारत बहराईच बस्ने ३३ वर्षीय जाबेद अली लगायत ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

से१ ख ११५१ नम्बरको ट्रकबाट अनलोड गरी काठको ठेकी थुपारी राखेको भन्ने खबर

*(बाँकी अन्तिम पृष्ठमा)*

## लोकसेवा तयारी कक्षाको सुवर्ण अवसर

मेचीनगर-१० धुलावारीमा अवस्थित Swarojgar Institute For Development मा **नासु, खरिदार एवम् शाखा अधिकृत**का लागि तयारी कक्षाहरु यही मिति २०७६ साल पुस १७ गतेदेखि विभिन्न Package मा योग्यता प्राप्त र दक्ष प्रशिक्षकहरुबाट सञ्चालन हुने भएको हुँदा समयमै सम्पर्क गरी आफ्नो सिट सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं ।

हिमाल खतिवडा (९८१४९६९४५९) । सुगन उप्रेती (९८०४९९३३४८)

## सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. खुस्बु अग्रवाल**
MBBS, MS
वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि बेलुका ५ बजेसम्म ।
२४ सै घण्टा इमरजेन्सी सेवा

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

"Shine with Life, Learn with Love, Grow with God"

## हार्दिक बधाई तथा शुभकामना



देव धिमाल, अनिष विक, सरोज तामाङ, एलिश खड्का, युनिस तामाङ, युनिसा तामाङ, मनिषा राजवंशी, जेनिसा कार्की, निर्जला धिमाल, छिरिङ लामा, पूजा राजवंशी, रिया विक, एन्जिना घो गी, जानुका राजवंशी र सीमा धिमाल ।



युरोस खतिवडा, हर्दिप राजवंशी, दिपेश इनांल, रितेष ठाकुर, किस्मत आचार्य, सिद्धान्त दास, कुशल मिश्र, युवराज निरौला, अंकित खड्का, एलिना गुरुङ, रविना कुमाल, अनुप दियाली, दीपक राजवंशी, मनोज महरा

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन झापा जिल्लाद्वारा आयोजित जिल्ला स्तरीय नृत्य प्रतियोगितामा यस चिल्ड्रेन इन्भारोमेन्ट स्कूलले **प्रथम** स्थान तथा बिर्तामोड नगरपालिका स्तरीय राष्ट्रिय नृत्य प्रतियोगितामा **'उत्कृष्ट'** स्थान हासिल गर्न सफल भएकोले नृत्यमा सहभागी सम्पूर्ण विद्यार्थीहरु, नृत्य प्रशिक्षकहरु (सर राज शेर्मा, सर सुनिल थापा, सर दिवस गिरी, सर शंकर विक, सर पदम तामाङ, सर एलसी श्रेष्ठ, मेम अनुजा अग्रवाल), सहयोगी शिक्षकहरु, अभिभावकहरु र समस्त स्कूल परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**चिल्ड्रेन इन्भारोमेन्ट स्कुल, विर्तामोड-१, झापा**

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ



सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

# 'निजी जमिनबाट नदीजन्य सामग्री बिक्री गर्नु कानून विपरीत'

**अमित खम्बू**

**अर्जुनधारा, पुस ८।** जिल्ला समन्वय समिति झापाका प्रमुख सोम पोर्तेलले निजी जमिनहरुबाट जथाभावी रुपमा नदीजन्य सामग्री उत्खनन् तथा बिक्री गर्नु कानून विपरीत भएको बताएका छन् ।

अर्जुनधारा नगरपालिकाको आयोजनामा मंगलबार भएको नदीजन्य सामग्रीको उत्खनन्, व्यवस्थापन तथा ओसारपसार सम्बन्धी सर्वपक्षीय भेला र अन्तरक्रिया कार्यक्रममा बोल्दै जिसस प्रमुख पोर्तेलले यस्तो बताएका हुन् । 'राज्यले उपयोग गर्न दिएको जमिनमा धानमकै आदि फलाउनुहोस्, तर ढुंगा र माटो बिक्री गर्ने अधिकार कानूनले दिँदैन'- पोर्तेल भने । निजी जमिनको ढुंगामाटो बिक्री गर्ने हो भने खानी ऐन अनुसार दर्ता गरी व्यवसाय गर्न जग्गाधनीहरुलाई उनले सुझाव दिए ।

विगतमा लगाइएको ठेक्कामा सम्बन्धित ठेकेदारले मापदण्ड विपरीत नदीजन्य सामग्रीहरु उत्खनन् गर्दा समस्याहरु आएको प्रमुख पोर्तेलले स्वीकार गरे । निजी जमिनबाट नदी बगेको विषयमा राज्यले उनीहरुलाई सम्बोधन हुने गरी भूउपयोग नीति बनाउनुपर्ने र नदीलाई व्यवस्थित ढंगबाट बगाउन आईई प्रतिवेदनमा उल्लेख भए बमोजिम उत्खनन् गर्नुको विकल्प नभएको उनले बताए ।

जग्गाधनीहरुले आफ्नो जमिन उपयोग गर्न पाउनुपर्छ भन्ने कुरा ठीक भए पनि कानूनले नदी कुदेको ठाउँलाई सार्वजनिक स्थलको रुपमा परिभाषित गरेको प्रदेश नं. १का सांसद् बृख प्रधानले बताए । तत्कालको लागि जग्गाधनीहरुसँगको द्वन्द्व अन्त्य गर्न उनीहरुलाई सम्बोधन हुने गरी नदी नियन्त्रणसँगै सार्वजनिक हितका कार्यक्रमहरु सञ्चालन गर्दा समस्या समाधान हुने प्रधानको सुझाव थियो ।

जिल्ला समन्वय समितिले तयार गरेको आईई प्रतिवेदनमा उल्लेख भए बमोजिम र प्रदेश सरकारले तोकेको दर रेट अनुसार स्थानीय तहले नदीजन्य सामग्री उत्खनन्को लागि ठेक्का आव्हान गर्दा ठेक्का नलागिरहेको अवस्थामा जग्गाधनीहरुले जथाभावी उत्खनन् गर्दा समस्या सृजना भएकोले उक्त समस्या समाधान गर्न कार्यक्रमको आयोजना गरिएको अर्जुनधाराका नगर प्रमुख हरिकुमार रानाले बताए ।



सहभागी जग्गाधनीहरुकातर्फबाट बिशाल शिवाकोटी, ऋृषिकेश खतिवडा, डेगेन्द्र आचार्य, देवकला प्रसाई, केदार पराजुली, चन्द्रकला भण्डारी, प्रेमप्रसाद आचार्य, हरिभक्त बराललगायतले बोलेको कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नगर सचिव राजु सेर्मा, नेपाली कांग्रेसका नगर सभापति हेमराज खरेल, अर्जुनधारा प्रेस क्लबका अध्यक्ष कुमार भट्टराई, निर्माण व्यवसायी संघ झापाका अध्यक्ष मिलन बस्नेत, क्रसर व्यवसायी संघका शेरबहादुर थापालगायतले आ-आफ्नो धारणा राखेका थिए ।

**नदीजन्य सामग्री उत्खनन् तथा बिक्रीको ठेक्का लागेन**

पाँचौ नगरसभाको निर्णय अनुसार नदीजन्य सामग्रीबाट प्राप्त हुने आम्दानीलाई नदी नियन्त्रण कार्यमा १४ प्रतिशत, बिरीङ नदीको हकमा चेक ड्याम निर्माण गर्न १४ प्रतिशत, नदी किनारका सडकहरुको निर्माण र सम्भारका लागि १० प्रतिशत, नदीजन्य खनिज कार्यमा संलग्न सूचीकृत आधिकारिक मजदुर र जग्गाधनीहरुको हित र भलाईका लागि १० प्रतिशत, आकस्मिक भैपरी आउने कार्यक्रम सञ्चालन अनुगमन र व्यवस्थापनमा २ प्रतिशत र बाँकी ५० प्रतिशत रकम नगरका पूर्वाधारसँग सम्बन्धित सडक निर्माण कार्यमा लागनी गर्ने गरी नगरपालिकाले नदीजन्य सामग्री उत्खनन् तथा बिक्रीको लागि हालसम्म दुईपटक ठेक्का आह्वान गरेको थियो । दुवैपटक ठेक्का नलागेको कार्यक्रमका सहभागी नगर प्रमुख प्रशासकीय अधिकृत पंकज भूर्तेलले जानकारी दिए ।

नगरपालिकाले पहिलोपटक गत मंसीर ४ गते नगरपालिका क्षेत्रभित्रका तोकिएका नदीहरुबाट नदीजन्य सामग्री उत्खनन्, संकलन, घाटगद्दी एवम् बिक्री मूल्य करार पूर्वाधार प्रयोग शुल्क न्यूनतम् ठेक्का अंक भ्याट बाहेक चार करोड ३२ लाख एक सय ५६ रुपैयाँ र दोस्रोपटक गत मंसीर २२ गते पूर्वाधार प्रयोग शुल्कमा २५ प्रतिशत कम गरी चार करोड १८ लाख ९२ हजार छ सय ५६ रुपैयाँमा ठेक्का आव्हान गरेको सूचना अधिकारी डेनजनी आचार्यले जानकारी दिए ।

ठेक्का नलाग्ने हो भने पहिलो असर सो बजेटबाट सञ्चालन गर्ने भनेको नगरपालिकाको योजनाहरु प्रभावित हुने र दोस्रो असर व्यक्तिले आफ्नो सम्पत्ति हो भन्दै अनियन्त्रित रुपमा जथाभावी नदीजन्य सामग्री उत्खनन् गर्दा नदी अनियन्त्रित भई कटानको सम्भावना बढ्ने प्रमुख प्रशासकीय अधिकृत भूर्तेलले बताए ।

त्यसैगरी नगर राजश्व शाखाका अनुसार ठेक्का नलागेको अवस्थामा आफ्ना कर्मचारी र स्वयम्सेवकमार्फत् गत असोजदेखि पुस २ गतेसम्म ३० लाख ९४ हजार आठ सय २० रुपैयाँ राजश्व संकलन भएको बताइएको छ ।

# 'सहारा नगरकै सहारा'

**बिर्तामोड, पुस ८।** बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटीले सहारा नेपाल सहकारी संस्था शेयर सदस्यका लागि मात्रै नभई सिङ्गो नगरकै लागि सहारा भएको बताएका छन् ।



सहाराले नगरसँग सहकार्य गर्दै विपन्न आवास कार्यक्रमदेखि अन्य आय-आर्जनका क्षेत्रमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल भएकाले नगरको सहारा भएको नगरप्रमुख शिवाकोटीले बताए । उनले मंगलवार गरामनी स्वास्थ्य संस्थामा आयोजित नशा सम्वन्धी निःशुल्क स्वास्थ्य शिविरको उद्घाटन गर्दै स्वास्थ्य क्षेत्रमा समेत सहकारीले नगरले गर्नुपर्ने काम गर्दै आएको बताए । नगर प्रमुख शिवाकोटीले नगरका नागरिक निरोगी राख्न सहाराले खेलेको भूमिका महत्वपूर्ण रहेको भन्दै यो सवैको सहारा भएको बताए ।

नगरप्रमुख शिवाकोटीले सहारासहित वीएण्डसी अस्पताल, हेवन वटर पार्क नगरकै राम्रा र ठूला आयोजना निजी क्षेत्रका आयोजना भएको बताए । ठूला निजी संस्थाका कारण नगरको परिचय नै फेरिएकाले त्यस्ता ठूला योजनाको संरक्षण गर्नुपर्ने नगरको दायित्व भएको उनको भनाइ थियो । बिर्तामोड नगरपालिकाको सहयोगमा सहारा नेपाल सहकारी संस्थाले आयोजना गरेको स्वास्थ्य शिविर कार्यक्रममा वीएण्डसी अस्पताल बिर्तामोड, अन्नपूर्ण न्यूरो अस्पताल काठमाडौं र फेमिली हेल्थ नेपालको प्राविधिक सहयोगमा रहेको थियो ।

सो शिविरमा ३०४ जनाले नाम दर्ता गराएका थिए । जसमा २ सय १६ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । स्वास्थ्य परीक्षणमा ७४ जनाको सीटी र एमआरआई गर्नुपर्ने तथा ४० जनालाई फिजियोथेरापी गर्नुपर्ने विरामी भेटिएको बताइएको छ । त्यस्तै चार जनालाई थप उपचारका लागि काठमाडौं रेफर गरिएको छ । काठमाडौं रेफर गरिएका बिरामीलाई डा. बसन्त पन्तले थप उपचार गर्ने बताइएको छ ।

गरामनी स्वास्थ्य चौकीमा भएको निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रममा वीएण्डसी अस्पतालका डा. दीनेशकुमार थापाले स्वास्थ्य जाँच गरेका थिए । सहारा नेपाल सहकारी संस्था बिर्ताबजार सेवा केन्द्र सहयोग समितिका टंकप्रसाद दवाडीको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका जीवन बरदान कार्यक्रम संयोजक भक्तबहादुर खड्काले स्वागत गरेका थिए ।

कार्यक्रममा स्वास्थ्य केन्द्र प्रमुख राजीवकुमार विष्ट, बिर्तामोड नगरपालिका स्वास्थ्य शाखा प्रमुख तुलसी पोखरेल, गरामनी बजार व्यवस्थापन समितिका किशोर भट्टराई, बिर्तामोड-८का कार्यवाहक अध्यक्ष दीपक भट्टराई, सहकारीका यादवकुमार ओली लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन गणेश उप्रेतीले गरेका थिए ।

# 'दबंग ३' को कमाई ४ दिनमा ९० करोड

बलिउड नायक सलमान खान अभिनित चलचित्र 'दबंग ३' अफिसमा कमजोर देखिएको छ ।

यो चलचित्रले ४ दिनमा पनि सय करोडको आँकडा छुन सकेको छैन । चलचित्रलाई सय करोडको आँकडा छुन पाँच दिन लाग्ने पक्का भएको छ । चलचित्रले शुक्रबार नै अपेक्षित व्यापार गर्न सकेन । यो चलचित्रले शुक्रबार २४.५० करोड, शनिबार २४.७५ करोड, आइतबार ३१.९० करोडको व्यापार गरेको थियो । तीन दिनमा ८१ करोड कमाएको यो चलचित्रले सोमबार अपेक्षित व्यापार गर्न सकेन । सोमबार चलचित्रको व्यापार १०.७० करोडमा झर्‍यो ।

चलचित्रले ४ दिनमा करिब ९२ करोडको कारोबार भारतीय बक्स अफिसमा गरेको छ । प्रभु देवाको निर्देशनमा बनेको यो चलचित्रलाई दर्शकले मिश्रित प्रतिक्रिया दिएका छन् । चलचित्रको व्यापार कमजोर हुनुमा यसको वर्ड अफ माउथ, भारतमा चलिरहेको आन्दोलनलाई मानिएको छ ।

आउँदो शुक्रबारबाट प्रतिक्षित चलचित्र 'गुड न्यूज' रिलिज हुने भएकाले पनि यो चलचित्रको हल घट्ने पक्का छ । यसको असर, चलचित्रको दोश्रो साताको व्यापारमा पर्नेछ । चलचित्रले बक्स अफिसमा दुई सय करोड नकमाउने पक्का छ ।

## नक्कली ...

खोजी गर्ने क्रममा खान लोकन्थलीस्थित लक्ष्मी सिलाइ केन्द्रमा काम गर्ने भन्ने जानकारीका आधारमा उनको कोठामा खानतलासी गर्दा एक हजार दरका थप १६ थान नक्कली नोट बरामद गरेको र उनीसँगै कोठामा बस्ने तीन जनालाई पक्राउ गरेको प्रहरीले जानकारी दिएको छ ।

## १००० ...

प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय मैनापोखरबाट खटिएको प्रहरीले ७ वटा साइकल र ट्रकसहित उनीहरुलाई पक्राउ गरेको हो ।

## समाजवादी ...

नभएको आरोप लगाएको छ । सोही पार्टीबाट सरकारमा प्रतिनिधित्व गर्ने शहरी विकासमन्त्री मोहम्मद इश्तियाक राईले पनि पदबाट राजीनामा दिएका छन् । मलाई नेपाल सरकार शहरी विकास मन्त्रालयको मन्त्री पदमा नियुक्त गर्नु भई कामकाजको जिम्मेवारी दिनुभएकोमा संविधानको धारा ७७को उपधारा २ (क) बमोजिम मैले उक्त मन्त्री पदबाट राजीनामा दिएको छु, सहकार्य गर्ने अवसर दिनुभएकोमा विशेष धन्यवाद व्यक्त गर्दछु- मन्त्री राईद्वारा जारी विज्ञप्तिमा भनिएको छ । समाजवादी पार्टीका तर्फबाट संसद्मा १७ सांसद छन् ।

# राप्रपा संयुक्त सङ्गठन विस्तार अभियानमा



**भद्रपुर, पुस ८।** धर्म र संस्कृति बचाउ अभियान लिएर राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त) जिल्ला कार्य समिति झापा सङ्गठन विस्तार अभियानमा जुटेको छ ।

राप्रपा संयुक्तले दक्षिणी झापाको कचनकवल गाउँपालिकामा कार्यकर्ता प्रवेश गराउँदै सङ्गठन विस्तार अभियान शुरु गरेको हो । यसै क्रममा कचनकवल गाउँपालिका-६स्थित बनियानीमा आयोजित कार्यकर्ता भेटघाट तथा पार्टी प्रवेश कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी एक सय ५० भन्दाबढी कार्यकर्ता राप्रपा संयुक्तमा प्रवेश गरेका छन् । राप्रपा, नेकपा र नेपाली कांग्रेस पार्टी परित्याग गरी राप्रपा संयुक्तमा प्रवेश गरेका कार्यकर्ताहरूलाई पार्टीका सङ्गठन विभाग प्रमुख ध्रुव श्रेष्ठले सदस्यता वितरण गर्नुका साथै अबिर र माला लगाएर स्वागत तथा सम्मान गरेका थिए ।

राप्रपा संयुक्तका जिल्ला सदस्य कनक राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि समेत रहेका सङ्गठन विभाग प्रमुख श्रेष्ठले नेपाली जनताको धर्म र संस्कृति बचाउ अभियानमा पार्टी लागि परेको उल्लेख गरे । 'राजनीतिक हानथापले नेपाली जनताको धर्म, संस्कृति र भाषा नै संकटमा परेको छ'- उनले भने- 'त्यसलाई बचाउन हाम्रो पार्टी अभियान लिएर जनताको माझमा जाँदैछ ।'

कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्तका केन्द्रीय सदस्य विश्वनाथ श्रेष्ठ, ममता राई, चतुर्मान विश्वकर्मा, जिल्ला अध्यक्ष ओम मिश्र, जिल्ला सचिव निरबहादुर कार्की, जिल्ला सदस्य साइँला हेमरम, देवीरमण भट्टराई लगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा ज्येष्ठ सदस्यद्वय गोदाबहादुर सिंह राजवंशी र सजन राजवंशीलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । यसअघि राप्रपा संयुक्तले सोही गाउँपालिकाको घेरावारीमा आयोजित कार्यक्रममा एक सय ५०भन्दा बढीलाई पार्टीमा प्रवेश गराइसकेको जनाइएको छ ।

## प्रहरी ...

पशु चौपाय तस्करी नियन्त्रणको अभियान नै सञ्चालन भयो । नेपालबाट गाई विदेश लान प्रतिवन्ध छ । तर, तस्करीमा संलग्नले घुमाउरो वाटो हुँदै दिनहुँ गाईगोरु तस्करी गर्दै आएका थिए । कानूनतः गाई विदेश लान नपाइने भएपछि उनको प्राथमिकतामा परेको थियो गाईगोरु तस्करी नियन्त्रण पनि । उनले विभिन्न ठाउँबाट तस्करी गरिएका गाई गोरु नियन्त्रणमा लिँदै भन्सार बुझाएका थिए ।

प्रहरी उपरीक्षक मैनालीकै नेतृत्वमा जिल्लामै पहिलोपटक तस्करीमा प्रयोग गरिएका दुईवटा ट्रक नियन्त्रणमा लिएर भन्सार बुझाइएको थियो । ट्रकसहित चौपाय नियन्त्रणमा लिएसँगै प्रहरी उपरीक्षक मैनालीको सरुवाको चलखेल शुरु भएको थियो । तर, उनले आफ्नो कामलाई निरन्तरता दिएसँगै तस्करीमा सम्लग्नहरु समेत तिलमिलाएका थिए । ११ महिनाको अवधिमा ५४ वटा गाई, २०५ गोरु, सात बाच्छा, ७ बाच्छी गरी दुई ७४ वटा पशु चौपायाका साथै चौपाया तस्करीमा प्रयोग भएका चारवटा पिकअप र दुई वटा ट्रक नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागि भन्द्रपुर भन्सार कार्यालयमा पठाइएको थियो ।

प्रहरी उपरीक्षक मैनालीको काठमाडौं सरुवा भएसँगै मंगलवार जिल्ला प्रहरी कार्यालय झापामा ११ महिने कामको समीक्षा र जिल्लावासीलाई धन्यवाद दिन आयोजित पत्रकार सम्मेलनमा प्रहरीले गर्न लागेका कामको विषयमा समेत जानकारी दिइएको थियो । जिल्लामा आचरण विपरीत गतिविधि गर्ने ३८ जना प्रहरी कर्मचारीलाई विभागीय कारवाही गरिएको र उत्कृष्ट कार्य गर्ने दुई सय १२ जना प्रहरीलाई पुरस्कृत गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो ।

भन्सार चोरी निकासी तथा पैठारी नियन्त्रणतर्फ समेत प्रहरीले सक्रियता देखाएको बताइन्छ । चार करोड ३८ लाख २४ हजार ८ सय ६८ रुपैयाँ बराबरका लत्ताकपडा, बिद्युतीय सामग्री, सवारी साधनको पार्टपुर्जा, किराना सामान, पशु चौपाय एवम् सवारी साधन, काठको गोलिया, सुपारी र फैसला कार्यान्वयन तर्फको जरिवाना संकलन गरेको प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । लागूऔषध नियन्त्रणतर्फ समेत झापा प्रहरीले महत्वपूर्ण सफलता हासिल गरेको छ । आर्थिक वर्ष २०७५/०७६को फागुन महिनाबाट हालसम्म एक सय ४५ जना लागूऔषध कारोवारी तथा प्रयोगकर्ता पक्राउ परेका छन् । ९ महिलासहित एक सय ३६ जना पुरुषलाई लागू औषध ब्राउनसुगर गाँजा, नाइट्राभेट, चरेस, डाइजेपाम, लुपिजेसिक, फेनारगन, नाइट्रोजन, र इस्कूफसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

यसैबीच आफ्नो ११ महिने झापा बसाइँको समस्क्षा गर्दै प्रहरी उपरीक्षक मैनालीले जिल्लाको शान्ति सु-व्यवस्था कायम राख्न सबै क्षेत्रबाट सहयोग प्राप्त भएको बताए । उनले जिल्लाको अपराध नियन्त्रणका लागि राजनीतिक दल, संघ-संस्था, सर्वसाधारण, पत्रकार सवैको साथ पाएको बताए ।

प्रहरी उपरीक्षक मैनालीको काठमाडौं सरुवा भएसँगै जिल्ला प्रहरी कार्यालय झापामा नयाँ प्रहरी उपरीक्षकका रुपमा कृष्णप्रसाद कोइराला झापा आउँदैछन् । उनी यसअघि इलाका प्रहरी कार्यालय बिर्तामोडमा प्रहरी नायव उपरीक्षकका रुपमा कार्यरत थिए । उनले झापामा रहँदा अपराध नियन्त्रणका क्षेत्रमा उल्लेख्य काम गर्न सफल भएका थिए ।


## आवश्यकता

अर्जुनधारा नगरपालिकाभित्र धान मिल (कुटानी, पिसानी) सञ्चालन गर्न सक्ने अनुभवी र इच्छुक महानुभावले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८४२६७५०५१

## जग्गा विक्रीमा

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

मो. ९८४२६५५९५०/ ९८०४९६९९९०

## जग्गा चाहियो

बिर्तामोड बजार क्षेत्रभित्र कम्तीमा १० धुर जग्गा व्यवसाय गर्न मिल्ने स्थानमा तु-आवश्यकता परेको हुँदा इच्छुक जग्गाधनीले सिधा सम्पर्क गर्नुहोला । दलालले कष्ट नगरिदिनुहोला ।

मो. ९८१९३२९७८१

## केही जमिन सहितको सानो फारम भाडामा

अर्जुनधारा नगरपालिका वडा नं. ४, बागेडाँगी, रातेखालमा सुविधा सम्पन्न बसोबासको घर कम्पाउण्ड सहित २ हजार लोकल कुखुरा पाल्न मिल्ने खोर, सानो माछा पोखरी सहित वरिपरी कम्पाउण्ड भएको घर तथा फारम भाडामा छ ।





## झण्डै १९ विगाह खेतीयोग्य जग्गा ठेक्कामा दिइने सम्वन्धी गोप्य शिलवन्दी वोलपत्र आह्वान

**(दोस्रोपटक प्रकाशित मिति २०७६/०९/०९)**

चन्द्रगढी वजारवाट झण्डै दुई किलोमिटरको दुरीमा अवस्थित यस प्रशिक्षण केन्द्रको हाताभित्र रहेको १८-१७-० (अठार विगाहा सत्र कठ्ठा) जग्गा २०७६ माघदेखि २०७७ पुस मसान्तसम्म १ वर्षको लागि ठेक्कामा दिइने भएको हुँदा इच्छुक नेपाली नागरिक तथा संघ-संस्थाहरुबाट प्रथमपटक प्रकाशित भएको मितिले ८औं दिनको २.०० बजेसम्म यस कार्यालयमा बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु २२ औं दिनको १:०० वजे खोलिनेछ । बोलपत्र फारम रु. १०००।- (फिर्ता नहुने) तिरी यस केन्द्रको व्यवस्थापन शाखाबाट खरिद गर्न सकिनेछ । कवोल गरेको अंकको रु. ५ (पाँच प्रतिशत) रकममा नघट्ने गरी धरौटी वापत यस केन्द्रको रा.वा.वैंक भद्रपुरमा रहेको चल्ती हि.नं. ५०८२ मा जम्मा गरी सोको सक्कलै भौचर वोलपत्र साथ पेश गर्नुपर्नेछ । जगगाको १ वर्षको न्यूनतम ठेक्का रकम रु. ३,०४,७०५।- (तीन लाख चार हजार सात सय पााच) कायम गरिएको छ । विस्तृत जानकारीको लागि यस केन्द्रको ब्यवस्थापन शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान**
**ग्रामीण विकास प्रशिक्षण केन्द्र**
**कलवलगुरी, चन्द्रगढी, झापा**

फोन नं ०२३४५५१०८
फोन नं ०२३४५५०७८

## कर्मचारी आवश्यकता

पदः **बजार प्रतिनिधि (Salesman)** संख्याः २ जना
तलबः आपसी समझदारीमा कार्यक्षेत्रः प्रदेश नं. १को सम्पूर्ण जिल्ला
अनुभवः सम्बन्धित काममा १ बर्ष वा सोभन्दा बढीको अनुभव भएको हुनुपर्नेछ ।

**सम्पर्कः अतिथि सदन रोड, बिर्तामोड (फोन नं. ९८०२६७८३३३, ०२३-५४४५१६)**
**(मेची यातायात संघभन्दा २००मी पश्चिम)** नोटः अनुभवी व्यक्तिहरुले मात्र सम्पर्क गर्नुहोला ।

## शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लि.

बिर्तामोड-४ झापा

## साधारणसभा सम्बन्धी सूचना

शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लि. को सातौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकाले सबै शेयर सदस्यज्यूहरुलाई पत्र पठाइसकिएको छ । यदि पत्र प्राप्त नभएको भए यसै सूचनालाई समेत आधार मानेर अनिवार्य सहभागिताका लागि अनुरोध गरिन्छ ।

**कार्यक्रमहरु :**

सञ्चालक समितिका तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुत ।
लेखा परीक्षण प्रतिवेदन प्रस्तुत ।
आर्थिक वर्ष २०७६/७७ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत ।
लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण ।
विनियम संशोधन ।
मिति : २०७६ पुस १० गते बिहीवार समय : १० बजे ।
स्थान : अग्रसेन भवन, बिर्तामोड

**दीपेश घोराली** सचिव

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

# उपकारी कार्यमा लाग्नेहरुको जय होस्

**अहिले जाडोको मौसम छ । विश्वको तापक्रम बढ्दो क्रममा रहेको भए पनि जाडोको समय विपन्न वर्गका लागि पीडादायी बन्ने गरेको छ । जाडोले बालबालिका र वृद्धवृद्धा बढी प्रभावित हुन्छन् । यही जाडोकै कारण देशभर थुप्रै मानिसले ज्यान गुमाउनु परेको समाचार पनि सार्वजनिक भइरहन्छन् । कतै कठ्याङ्ग्रिएर त कतै जाडोबाटे बच्न विद्युतीय सामग्री र कतै आगो बालेकै कारण मृत्यु भएका घटना पनि छन् । खासगरी तराईका जिल्लाहरुमा शितलहरका कारण बिरामी पर्ने, जीवन कष्टकर हुने, अन्नबालीमा क्षति पुग्ने गरेको नियमितता जस्तै छ । यही समय कतिपय मनकारीहरु सहयोगापेक्षीहरुको सेवामा लाग्ने गरेका पनि छन् । चिकित्सकहरुले जाडोबाट जोगिन सल्लाह दिने गरेका छन् । आहार–विहारदेखि पहिरनसम्मका विषयमा सचेत रहन, सावधानी अपनाउन चिकित्सकहरुले सुझाए पनि त्यो आवश्यक वर्गसम्म पुग्न सक्दैन । अर्थात् निम्न वर्गीय परिवारका लागि त्यस्ता अमूर्त सेवा र सुझाव 'कागलाई बेल पाक्यो, हर्ष न बिस्मत' हुने गरेको छ । हाम्रो संस्कृतिले 'परोपकाराय पुण्याय, पापाय परपीडनम्' भनेको छ । अर्थात् धर्म वा पुण्यको काम पर–सेवामा र पाप 'पर' लाई पीडा हुने काममा हुन्छ भनिएको छ । त्यसैले मन हुनेहरुले आम्दानीको केही अंश वा आफ्नो समय जोगाएर पर सेवामा लगाउँछन् । बोलेर, गरेर वा दिएर हुनसक्ने उपकारको कर्मले 'परत्र' सुधार हुने शास्त्रीय मान्यता पनि छ ।**

**यो र यस्तै संस्कार र संस्कृतिका बीच बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले बिर्तामोड–८ को आयोजनामा भएको एक कार्यक्रमका बीच तीन सय बयासी जना जेष्ठ नागरिक र एकल महिलालाई न्यानो कपडा वितरण गरेका छन् । चार लाख रुपैयाँभन्दा बढी मूल्यका ती कपडाले सहयोगापेक्षीहरुको जाडो छल्न मद्दत गर्नेछ र दाता धन्यवादका पात्र बन्ने छन् । भट्टराईले त्यस क्षेत्रका ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारमा समेत सहयोग गर्ने बताएर सबैको मन पनि जितेका छन् । उनी जस्तै अरुहरु पनि यस्तै लोककल्याणकारी कार्यमा अघि सरेका छन् । ती मध्ये अर्जुनधारा नगरपालिका वडा नं. ५ मा रहेको नवज्योति आधारभूत विद्यालयमा अध्ययनरत् विद्यार्थीका लागि बिर्तामोडका मित्र शिवाकोटी र शारदा शिवाकोटीले सतहत्तर थान स्वीटर वितरण गरेका छन् । त्यस्तै फिदिम निवासी पृथ्वीमान शाक्यले त्यति नै संख्यामा जाडोको टोपी प्रदान गरे ।**

**यता बिर्तामोडबाटै विपन्न वर्गका विद्यार्थीलाई लक्षित गर्दै जाडोको कपडा वितरण गर्ने कार्य अभियानका रुपमा शुरु गरिएको छ । सामाजिक अभियन्ताहरुको आर्थिक सहयोग र बिर्तामोड नगरपालिकाको समन्वयमा एक हजार विद्यार्थीलाई स्वीटर र टोपी वितरण गर्ने गरी बिर्तामोड–९ स्थित देवकोटा अधारभूत विद्यालयका एक सय पन्ध्र जना विद्यार्थीलाई ती सामग्री वितरण गरिएको छ । अभियानका रुपमा शुरु भएको यो कार्यक्रमले जाडोले विद्यालय आउन नसक्ने विद्यार्थीलाई त राहत दिन्छ नै अभिभावकलाई पनि शिक्षाप्रतिको अभिरुची पनि बढाउने निश्चित छ । यसले अभावका कारण विद्यालय छाड्ने प्रवृत्तिलाई न्यूनीकरण गर्दै सबैका लागि शिक्षाको नारालाई सार्थक तुल्याउन सहयोग पुऱ्याउने छ । अभियानमा जोडिएका अविरल कृष्ण खरेल, किशोर पौडेल र संयोजक सरोज पौडेल लगायतको यो उपकारी कार्यमा जोडिएका सबै सहयोगी हातहरु स्याबासीका पात्र छन् । उनीहरुको अग्रसरतामा नगरपालिकाको आर्थिक तथा नैतिक सहयोग अपेक्षित वर्गसम्म पुगोस् । सबैको जय होस्, सबै दाताहरु यस्तै परोपकारी कार्यमा जोडियुन र वर्ग विभाजनका कारण उत्पन्न हुने मानसिक र भौतिक पीडा कम होस् । समतामूलक समाज निर्माणमा सहयोग पुगोस्, सबै दाता र उत्साही हात र मनलाई सलाम ।**

## सामाजिक सञ्जाल

वैदेशिक रोजगारी नराम्रो बिषय होइन, तर कामदारको दक्षताले तेसमा महत्वपूर्ण भूमिका खेल्छ र कामदारको दक्षता बिकास गर्ने बिषयमा कसैको ध्यान पुगेको देखिँदैन । अमेरिकी नागरिकहरु पनि खाडी मुलुकमा काम गर्छन् । तर, उनीहरु आफ्नो काममा दक्ष हुन्छन् । सोही अनुसारको तलब सुबिधा पाउँछन् ।

**– जंगबहादुर**



जुनबेला हामीले सोचेकोभन्दा उल्टो अर्थात् पूरा गर्न कठिनाइ हुन्छ दुःखको अनुभूति हुन्छ- जस्तै चिया खान मन छ तपाई तुरुन्त चिया बनाएर तुरन्त पिउनु हुन्छ । एकछिनको लागि तपाईलाई आनन्द मिल्छ, यही नै सुःख हो । जुन थोरै समयका लागि हुन्छ । 'जब तपाईको आवश्यकता पूरा हुँदैन त्यो नै दुःखको कारण हो । यो पनि छोटो समयकै लागि हुन्छ' हामीलाई यो जान्न जरुरी छ की सुःख-दुःख हाम्रो भोक हुन् । जसलाई हामी उपयोग गर्छौं त्यो केवल हाम्रो संघर्षको आधार मात्र हुन् ।

**– अनु ठकुरी**

# ग्रहण लाग्नु धर्मशास्त्र र वैज्ञानिक कारण



ज्यो. मधुसूदन रिजाल

भोलि १० गते बिहीबार एका बिहानैदेखि सुतक लाग्ने छ । बिहीबार खण्डग्रास सूर्यग्रहण लाग्दैछ । भोलि लाग्ने सूर्यग्रहणलाई एसिया, अफ्रिका र अष्ट्रेलियाका विभिन्न भागबाट अवलोकन गर्न सकिने छ । बिहीबार लाग्ने खण्डग्रास सूर्यग्रहण यो वर्षको अन्तिम सूर्य ग्रहण समेत हो । बिहीबार लाग्ने खण्डग्रास सूर्यग्रहण बिहान ८:४२ बजे शुरु भएर ११:३१ बजे समाप्त हुनेछ । यसको अवधि २ घण्टा ४९ मिनेको रहने छ । सूर्यग्रहण लाग्नुभन्दा चार प्रहर र चन्द्रग्रहण लाग्नुभन्दा तीन प्रहर अगाडिदेखि बालक, वृद्ध वा अशक्त बाहेकलाई भोजन नगर्ने निर्देश दिइएको हुन्छ । यो मान्यता अनुसार सूर्य ग्रहण लाग्नुभन्दा १२ घण्टा अगाडि नै सुतक लागि सकेको हुन्छ ।

धार्मिक शास्त्र अनुसार मानिसले भोजन गर्नु हानिकारक मात्र होइन, स्वास्थ्य प्रति प्रतिकूल समेत हुने बताइएको छ । यस्तोमा सूर्यग्रहणमा पर्ने असरको सिंधा रुप अन्नमा पर्ने भएकाले अन्न ग्रहण नगर्नु जायज मानिँदै आएको छ । यतिमात्र होइन ग्रहणको बेला जप, हवन, देवपूजन तर्पण आदि गर्नाले मनोवाञ्छित फल पाइने बताइएको छ । ज्योतिष शास्त्रमा ग्रहण लागेको राशि र नक्षत्रलाई दोषयुक्त मान्दै ती राशि र नक्षत्रमा जन्मेकाहरूका व्यक्तिहरूलाई पीडा हुने बताइएको छ । ग्रहणका कार्य यसैगरी ग्रहणको प्रकृति हेरी ग्रहण भएको दिनदेखि अघिल्ला र पछिल्ला केही दिनलाई शुभकार्यको लागि त्यागिन्छ ।

ग्रहणको समयमा भोजनादि त्यागेर मनलाई एकत्रित गरी शुभकार्य मात्र गर्नु धार्मिक दृष्टिले मात्र नभई वैज्ञानिक दृष्टिले पनि उपयुक्त मान्न सकिन्छ । पृथ्वीले सूर्यलाई घुम्ने गति र चन्द्रमाले पृथ्वीलाई घुम्ने गति समान छैन । यही असमानता नै ग्रहण हुने कारण मानिन्छ । गतिको असमानताले गर्दा समयको संयोगले कुनै बखत यी पिण्डहरू एउटै सीधा रेखामा पर्छन् । फलस्वरूप कहिले पृथ्वीको छायाँ चन्द्रमामा र कहिले चन्द्रमाको छायाँ पृथ्वीमा पर्छ । यसरी छायाँ परेको अवस्था नै ग्रहणको अवस्था हो । पृथ्वीको छायाँ चन्द्रमामा पर्दा चन्द्रग्रहण र चन्द्रमाको छायाँ पृथ्वीमा पर्दा सूर्यग्रहणको स्थिति सिर्जना हुन्छ ।

पृथ्वीले सूर्यलाई र चन्द्रमाले पृथ्वीलाई परिक्रमा गर्ने क्रममा जब पृथ्वी सूर्य र चन्द्रमाको बीचमा आइपुग्छ, तब सूर्यको प्रकाशलाई पृथ्वीले छेकिदिन्छ । यस्तो अवस्थामा चन्द्रमामा पृथ्वीको छायाँ देखिन्छ । छायाँको यस्तो अवस्था नै चन्द्रग्रहण हो । चन्द्रमाको पूरै भाग छायाँले छोपेको अवस्थालाई खग्रास चन्द्रग्रहण र आधा वा केही भाग मात्र ढाकेको अवस्थालाई खण्डग्रास चन्द्रग्रहण भनिन्छ । चन्द्रग्रहण पूर्णिमा तिथीका दिन लाग्दछ भने सूर्यग्रहण औंशीका दिन लाग्दछ प्रत्येक औंशी र पूर्णिमामा ग्रहण नलाग्नुको कारण बुझ्नु पनि सान्दर्भिक नै होला । सूर्यग्रहण हुन सूर्य र पृथ्वीको बीचमा चन्द्रमा परी तीनै पिण्डहरू एकै सीधा रेखामा परेको हुनुपर्छ । तर, त्यतिले मात्र ग्रहण हुन सक्तैन । पृथ्वी र चन्द्र कक्षहरू एउटा सतहमा नपरी ५ दशमलव १५ डिग्रीको कोण बनाएर ढल्किएका छन् । वर्षमा दुईवटा यस्ता अवसर आउँछन् जतिबेला चन्द्र कक्षका दुई आमने सामनेका छेउहरू पृथ्वीको कक्षसित मेल खान्छन् । अर्थात् सूर्य र पृथ्वी सित एकै सरल रेखामा पर्छन् । यी मेल खाएका स्थानहरू सूर्य र पृथ्वीबीचमा पर्न आउँछन् । त्यसबेला



ग्रहण हुन्छ ।

**कुन राशिलाई कस्तो प्रभाव ?**

बिहीबार लाग्ने खण्डग्रास सूर्यग्रहणको प्रभाव सबै राशिमा पर्नेछ । झण्डै १४४ वर्षपछि पहिलो पटक सूर्यग्रहणसँगै महासंयोग समेत बन्दैछ । यो ग्रहण धनु राशिमा लाग्नेछ । धनु राशिमा बृहस्पति, शनि, केतु र चन्द्रमा पहिलादेखि नै उपस्थित छन् । सूर्य ग्रहण कुन राशिका लागि कष्टकारी र कुन राशिका लागि फलदायी छ भन्ने विषयमा सबै राशिको फल यस प्रकार रहेको छ ।

**मेषः**आज लाग्ने सूर्यग्रहणबाट मेश राशि भएकाहरु माथि दुष्प्रभाव देखिने छ । मेष राशिवालालाई ग्रहणका कारण काममा रोकावट आउने छ भने सन्तानलाई कष्ट हुने योग छ । साथै धन हानी हुने सम्भावना समेत छ । तर, रातो आसनमा बसेर बिहानपख आदित्य हृदय स्तोत्र पाठ गर्ने हो र गुडदान गर्ने हो भने सूर्यग्रहणको दुष्प्रभाव कम गर्न सकिन्छ ।

**वृषः** सूर्यग्रहणको प्रभावले वृष राशि भएका व्यक्तिलाई अचानट चोट लाग्ने सम्भावना छ भने आँखाको समस्या देखिन सक्छ । स्वास्थ्यमा सामान्य हेलचेक्र्याइ गर्दा निकै ठूलो कष्ट आइपर्ने योग छ । तर ॐ घृणि सूर्याय नमः मन्त्रलाई १०८ पटक जप गर्दा ग्रहणको दुष्प्रभाव कम हुन सक्छ ।

**मिथुनः** खण्डग्रास सूर्यग्रहणका कारण मिथुन राशि भएका व्यक्तिको दाम्पत्य जीवनमा खटपट आउन सक्छ । साथै व्यापार र व्यवसायमा समेत नकरात्मक असर पर्ने योग छ । सूर्यग्रहणले मिथुन राशिवालाहरुलाई आर्थिक रुपमा कमजोर बनाउने सम्भावना पनि देखिन्छ । गरीब र असहाय व्यक्तिलाई गहुँ र गुडदान गर्ने र सूर्यलाई नमस्कार गर्ने हो भने ग्रहणको प्रभाव कम होला ।

**कर्कटः** राशि भएका व्यक्तिहरुका लागि बिहीबार लाग्ने खण्डग्रास सूर्यग्रहण निकै लाभदायक हुनेछ । ग्रहणको सकरात्मक प्रभावले गर्दा यो राशि भएका व्यक्तिले कार्यमा सफलता हात पार्नेछन् भने धन वृद्धि हुने योग छ । साथै नयाँ लगानी गर्ने योग छ भने रोकिएर बसेको धन समेत प्राप्त होला । भगवान सूर्य नारायणको सूर्याष्टक पाठ गर्ने र गरीब तथा असहाय व्यक्तिहरुलाई मिष्ठान भोजन दान गर्नुभयो भने सूर्य ग्रहणको सकारात्मक प्रभाव थप वृद्धि होला ।

**सिंहः** राशि भएका व्यक्तिलाई सूर्यग्रहणका कारण स्वास्थ्यमा समस्या देखिन सक्छ । पेट सम्बन्धी समस्या देखिन सक्ने योग छ । तर, ग्रहणको सकरात्मक प्रभावले धन लाभ हुन सक्ला । सूर्य ग्रहणका बेला आफ्नो मनको कुरा अरुलाई भन्दा हानी हुने योग समेत छ । तर, बिहान सूर्य भगवानलाई नमस्कार गर्दा ग्रहणको नकरात्मक प्रभाव कम हुनेछ । साथै सुस्वास्थ्यका लागि ॐ आदित्याय नमः का जप गर्नुहोस् ।

**कन्याः** सूर्यग्रहणका कारण कन्या राशि भएका व्यक्तिले पारिवारिक समस्या सामना गर्नुपर्ने देखिन्छ । साथै जागिरमा समेत समस्या उत्पन्न हुनेछ । सूर्यग्रहणका बेला व्यापार र व्यवसायमा समेत हानि हुने योग छ । ग्रहणको दुष्प्रभाव कम गर्न भगवान र सूर्य स्तोत्र पाठ गर्नुहोस् । त्यस्तै गरीब तथा असहाय मानिसलाई मिष्ठान खाना दिनुहोस् ।

**तुलाः** राशिलाई समेत बिहीबार लाग्ने सूर्य ग्रहणले केही कष्ट निम्त्याउने योग छ । ग्रहणले गर्दा तुला राशि भएका व्यक्तिले आफ्नै मित्रले केही न केही समस्या खडा गर्ने वा धोका दिनेछ्न् । साथै पिताको स्वास्थ्यमा समेत समस्या देखिने योग छ । भाइबहिनीसँग झगडा हुन सक्छ । ग्रहणको सकरात्मक प्रभावले नयाँ घर किन्ने संभावना पनि उत्तिकै छ । दुष्प्रभाव कम गर्न ॐ नमः शिवाय मन्त्रलाई १०८ पटक जप गर्नुहोला र गुड दान गर्नुहोस् ।

**वृश्चिकः** राशि भएका व्यक्तिलाई समेत सूर्यग्रहणले राम्रो प्रभाव पार्ने देखिँदैन । यो राशि भएका व्यक्तिका लागि आफन्तसँग झगडा हुने सम्भावना छ । पारिवारिक खटपट हुने र धन हानि हुने योग छ । रिसले निकै नोक्सान गर्न सक्छ । त्यसैले क्रोधलाई काबुमा राख्नुहोला । ग्रहणको दुष्प्रभावबाट बँच्न बिहान हनुमान चालीसाको पाठ गर्नुहोस् । गरीब तथा असहायलाई रातो कपडा र गुडदान गर्नुहोला ।

**धनुः** सूर्यग्रहणका कारण धनु राशि भएका व्यक्तिको स्वास्थ्यमा खराबी देखिने छ । साथै शरीरमा चोटपटक लाग्ने योग छ । आम्दानीमा वृद्धि भए पनि खर्च दोब्बर हुनेछ । ग्रहणको दुष्प्रभाव कम गर्न सूर्य भवगानको नाम जप गर्नुहोस् । साथै विष्णु चालीसाका पाठ गर्नुहोस् ।

**मकरः** राशि भएका व्यक्तिको खर्च बढ्ने योग छ । साथै आँखाको समस्या समेत देखिन सक्छ । साथीभाइ, सहकर्मी तथा आफन्तसँग विवाद बढ्न सक्छ । सूर्यग्रहणको बेला परिवारका सदस्यको विशेष ख्याल गर्नुहोस् । भगवान सूर्यनारायणका १०८ वटा नामको जप गर्नुभयो असहायलाई भोजन दान गर्नुभयो भने ग्रहणको दुष्प्रभाव कम होला ।

**कुम्भः** राशि भएका व्यक्तिलाई बिहीबार लाग्ने खण्डग्रास सूर्यग्रहण शुभ मानिएको छ । यो राशि भएका व्यक्तिले धन लाभ गर्ने योग छ । साथै सन्तानको समस्या समेत हल हुने देखिन्छ । पढाइ वा जागिरको खोजीमा रहेका व्यक्तिका ग्रहण निकै शुभ मानिएको छ । यदि आफ्नो तौल बराबरको खाद्यान्न दान गर्नुभयो र गरीबलाई भोजन दान गर्नुभयो भने थप लाभदायक हुनेछ ।

**मीनः** राशि भएका व्यक्तिका लागि कार्यस्थलमा केही न केही परिवर्तन हुने देखिन्छ । त्यस्तै मानसिक समस्या आउने योग छ । सहकर्मीसँग विवाद बढ्दा हानी हुन सक्छ । तर, सूर्यग्रहण सकिएपछि केही शुभ समाचार प्राप्त हुन सक्छ । दुष्प्रभावबाट बँच्न बिहान रातो आसनमा बसेर सूर्य स्तोत्र पाठ गर्नुहोस् । र, रातो फूल भगवान गणेशलाई चढाउनु होला ।

# महिला अधिकार व्यवहारिकतामै सुनिश्चित गरौं



संस्कृति रिजाल

समाज गतिशील र परिवर्तनशील छ । परिवर्तनको संघारमा उभिएको समाजलाई देश र समाजको समग्र विकाससँग जोड्नका निम्ति राज्यले बनाउने नीति, कार्यक्रम र योजनाले सामाजिक तथा आर्थिक समृद्धिको बाटो लिन सक्छ । देश बिकासको गतिमा डोऱ्याउनका लागि सबैको समान सहभागिता जरुरी हुन्छ । समृद्ध मुलुकको प्रतिबिम्ब विशेषतः महिला र पुरुषको उच्च सहभागिता हो । तर, समान सहभागीतालाई वाक्य र बोलीमा जोडिरहँदा मलाइ मेरो समाज र देशको समसामयिक परिस्थितिले घचघच्याउन थाल्छ ।

राज्यका हरेक निकायमा पुरुषहरुको वर्चस्वले गर्दा देशका सबै क्षेत्रमा समान सहभागिताको कुरा भाषणमा सिमित छ भन्ने प्रष्ट छ । हामी विभेदको जालोमा बाँचिरहेका छौं । जहाँ महिला वर्ग अन्यायले थिचिएका छन्, हिंसामा परेका छन् । देशमा दिनानुदिन बढेको बलात्कार, जबरजस्ती करणी, महिला हिंसाले महिला त्रासमा छन । देशमा जति नै महिला नेतृत्व उदाए पनि महिला हिंसाका घटनामा भने कमी आउन सकेको छैन । केही महिनाअघिको महराकाण्ड सेलाउन पाएको छैन । प्रतिशोध र व्यक्तिगत दुश्मनीका कारण एक किशोरी माथि भएको एसिड प्रहार होस या त दाइजो नल्याएको निहुँमा महिलालाई जिउँदै जलाइएका छन् ।

महिलाले नै महिलामाथि हिंसा गरेका उदाहरण पनि प्रशस्तै छन् । सासुले बुहारी मारेकोदेखि लिएर महिलाले नै महिलालाई बोक्सी आरोपमा कुटपिट गरेका घटना हामीले सुन्दै आइरहेका छौं । पारिवारिक हिंसा, सामाजिक हिंसाले गर्दा देश मन्दविषको सिकार हुन पुगेको छ । राजनीतिक रुपमा देशले ठूलो फड्को मारेको छ । देश संघीयतामा गई सकेको छ । राष्ट्र प्रमुख महिला भए पनि आम महिलाले अनुभूत गर्न पाएका छैनन् । महिला हिंसा अन्त्यका लागि महिलालाई सामाजिक, राजनीतिक क्षेत्रमा समान अवसर र शिक्षामा प्रथमिकता दिन जरुरी छ । महिलाहरुलाइ पुरुष सरह बिकास कार्यमा सहभागी बनाउनका लागि महिला सशक्तिकरणको धारणाको बिकास १९८० मा गरिएको थियो र पनि महिलाहरुले शिक्षा, रोजगारी तथा सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अध्ययन गर्दा महिलाको संख्या न्यून छ ।

भारतकी इन्दिरा गान्धी, बेलायतकी मारगारेट थ्याचर, अर्जेन्टिना इसाबेला पेरोल, इजरायलकी गोल्डा माएर लगायतक महिला नेतृहरुले पनि आफ्नो देशमा उत्कृष्ट नेतृत्व प्रदान गरेका थिए । श्रीलंकाकी चन्द्रीका



वन्दरानायके कुमारातुंगा, पाकिस्तान कि बेनजिर भुट्टो, बंगलादेश कि शेख हसिना र खालिदा जिया, म्यानमारकी आङ साङ सुकी जस्ता महिला नेतृहरु आज पनि विश्व इतिहासमा आ-आफ्नो प्रभुत्व जमाइरहेका छन् । यी र यस्ता तथ्यहरुले महिलाहरु नेतृत्वका निम्ति पुरुषभन्दा केही कम छैनन् भन्ने कुराको पुष्टि गर्छ । तर, जब महिलाहरु परिवर्तन र विद्रोहको आवाज लिएर उठ्छन, अन्यायका पहाडले थिचिन्छन् ।

समाजले महिलाहरु कमजोर छन् र उनिहरु सधैं पुरुषबाट संरक्षित हुनुपर्छ भन्ने भ्रामक सोचको खोल ओडेको छ । विश्व इतिहासलाई हेर्दा, क्यानडा जस्तो बिकसित देशमा पनि सन् १९३० सम्म महिलाहरु निर्वाचनमा मतदान गर्न, कुनै सरकारी ओहदा धारण गर्नबाट वञ्चित हुनुपरेको थियो । त्यहाँ बेलायतको महिलाहरु पनि पुरुषसरह सिनेटमा नियुक्त हुन सक्छन् भनी निर्णय गरे पश्चात मात्र त्यहाँका महिलाहरुले आफ्नो राजनीतिक अधिकारको प्रयोग गर्न पाएको देखिन्छ । यसरी विश्व समुदायमा महिलालाई विभेदयुक्त समाजको सिकार बनाइएको थियो । अहिले नारी स्वयम्ले आवाज उठाउन थालेका छन् । धन, पद, शिक्षा दिक्षा, सामाजिक क्षेत्र, घर, बजार सबै ठाउँमा नारी अधिकार र स्वतन्त्रताको आवाज बुलन्द बन्दै गएको छ ।

सरकार र न्यायालय मुकदर्शक बनेर रमिता हेरिरहन्छ । महिलाले हिँड्न, बोल्न डराउनुपर्ने अवस्था छ । अत्याचार चुपचाप सहनुपर्छ । आखिर यो कस्तो लोकतन्त्र हो ? देश विकासको क्रममा हाम्रो समाज पुँजीवादी भएको छ । पुँजीवादको चर्को दमनभित्र महिलाहरु नै सबैभन्दा बढी पिसिएका छन् । प्रेमका नाममा हिंसा जन्मदै छन् , पारिवारिक प्रेम र सद्भाव टुटदै छ । यसले देखाउँदैछ कि परिवर्तनका नाममा हाम्रो समाज कता मोडिँदैछ ? सामन्ती समाजमा महिला चौघेरामा मात्र सिमित थिए । अहिले महिलाका आवाज बुलन्द हुन थालेको छन् । समान सहभागिताका लागि समान योग्यता, सीप र अवसरको खाँचो छ । नयाँ संविधानले महिलाको लागि अवसरका विभिन्न क्षेत्रलाई फराकिलो पारिदिएको छ । केन्द्रीय र प्रदेश संसदमा महिलाहरुको उपस्तिथि बढाएको छ । समावेशिकरणको सिद्धान्त स्थापित सँगै राजनीतिक सचेतनामा वृद्धि भएको छ । तर, यति मात्र पूर्ण छैन । महिलाले हरेक क्षेत्रमा आफै निर्णय गर्न सक्ने क्षमताको विकास हुन सक्नुपर्छ । महिलामा आएको गतिशीलताले मात्र परम्परागत अवस्थाबाट एक पाइला अगाडि बढाउन सक्छ ।

नारी शोषणविरुद्ध नारी उन्मुक्तिका निम्ति नेपालमा भएका इतिहासका प्रयासलाई हेर्दा, १९७७ सालमा चन्द्र शमशेरले सती प्रथाको अन्त्य गरे । पितृसत्ताले महिला जैविक हिसाबले कमजोर हुने भनी व्याख्या गरियो । बौद्धिक हिसाबले पनि दोस्रो तहमा राख्ने भनी व्याख्या गरियो । राजनीतिमा बाध्य, आर्थिक गतिविधिमा होइन, घरेलु र अनुउत्पादक ठाउँमा सिमित गर्दै लगियो । सन १९१७ ताका रुसमा गाँस र बासको नारा थपेर अरु आन्दोलनको उठान भयो । त्यसरी नै अन्तर्राष्ट्रिय महिला आन्दोलनको रुप ठूलो बन्दै गयो । अनन्त सन् १९१० मा क्लारा जेडियन रोजालग्ज वर्गको अगुवाइमा कोपेनहेगनमा भएको दोस्रो अन्तर्राष्ट्रिय श्रमिक महिलाहरुको सम्मेलनले ८ मार्चलाइ अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने निर्णय गऱ्यो । राजनीतिक परिवर्तन भए पनि आज महिला उत्पीडन भयावह अवस्थामा रहेको छ । मातृ शक्तिलाई राज्यले हरेक तह र तप्कामा पुरुषसरह समान हक अधिकारको ग्यारेन्टी गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता हो ।

नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी अनुमोदन गरिसकेको छ । पक्ष राष्ट्र भएका कारण महासन्धिमा उल्लेखित सबै प्रकारका प्रावधान पालना गर्नु राज्यको दायित्व हो । नेपालको संविधान २०७२ ले महिलाहरुलाई थुप्रै हक अधिकारको व्यवस्था गरेको छ । संविधानको मौलिक हक अन्तर्गत धारा ३८ को महिला हकमा प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान वंशीय हक हुने, महिलाले सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुने, महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक हिंसाजन्य कार्य वा शोषण गर्न नहुने, यदि त्यस्तो कार्य भएमा कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ ।

महिला अधिकार कागजी दस्तावेजमा मात्र होइन व्यवहारिकतामा पनि सुनिश्चित हुनुपर्छ । जबसम्म अन्धविश्वासी समाजले नारीहरु माथी जबरजस्ती लादिएका कुप्रथाको अन्त्य हुन सक्दैन अनि स्वयम् नारीहरु बन्द पर्खालभित्रको चार किल्लालाई तोडेर बाहिर आउन सक्दैनन्, तबसम्म नारी मुक्ति र परिवर्तनका बाटाहरु सम्भव छैनन् । जसरी अहिले आएर सती प्रथा, सुसारे प्रथा जस्ता कुप्रथाहरुको उन्मुलन भयो त्यसरी नै नारी माथि लादिएका सबै कुप्रथा र शोषणको अन्त्य हुन जरुरी छ । तब मात्र नारी मुक्ति र परिवर्तनका मार्गहरु प्रश्स्त हुनेछन् ।

# रिङरोडले फर्कायो बसाइँ सर्नेको मन



☐ विनोद सापकोटा

**झापा, पुस ८।** शहरीकरण हुँदै गएको जिल्लाको शिवसताक्षी नगरमा रिङरोड निर्माण कार्यले गति लिएपछि बसाइँ सरी गएका स्थानीय पुनः गाउँ फर्किन थालेका छन् ।

यातायात, शिक्षा, खानेपानी, सिञ्चाई, सडक र सुरक्षाको असुविधाले बसाइँ सरी गएका शिवसताक्षी नगरपालिका-३का विस्थापित पुनः गाउँमै फर्किएका हुन् । ' वर्षात्को समयमा घरभित्र पस्न र निस्कनै मुस्किल पर्ने गरी गाउँ नै डुवानमा पर्थ्यो, पुनः गाउँमै फर्किएका स्थानीय विष्णु भट्टराईले भने- नगरमा रिङरोड बने पछि गाउँको डुवान समस्या टरेको छ । भट्टराई शिवसताक्षीबाट दमक बसाइँ सरेका थिए ।

रिङरोडसँगै दुवैतर्फ नाला (ड्रेन) निर्माण भएको छ । हालको अस्थाई प्रकृतिको ड्रेनलाई कंक्रिटमा परिणत गरेपछि डुवान समस्याको समाधान भएको छ । उनले भने- ड्रेन निर्माण भएपछि सिञ्चाइँको पनि सुविधा हुनेछ । साविकको धरमपुर हाल शिवसताक्षी नगरको वडा नम्बर १, २ र ३को पश्चिमी क्षेत्र साविकका पाँचगाछी, शिवगञ्ज र सतासीधामसँगको सडक सञ्जालमा जोडिने सम्भावना थिएन ।' उनले भने- पूर्वपश्चिम राजमार्गसँग पनि रिङरोड जोडिएपछि स्थानीयलाई आफू सदरमुकाममै रहेको जस्तो अनुभव हुन थालेको छ । रिङरोडले विकासको सम्भावना पनि वलियो बनाएको उनले बताए ।

भट्टराई त बसाइँ सरी आउने प्रतिनिधि पात्र मात्र हुन् । नगरमा दुई वर्ष अघिदेखि रिङरोड निर्माण हुन थालेपछि सो क्षेत्रमा ११ परिवार पुनः फर्किएको ३ नम्बर वडाध्यक्ष पुण्य सापकोटाले बताए । वर्षामा हुने हिलाम्मेका कारण गाउँले कसैलाई पनि सहज थिएन, अब सडक निर्माण भएपछि पुरानै गाउँ फर्किनुको विकल्प नभएको बसाइँ सरी आएका सन्तोष तामाङले बताए ।

गाउँबाट रिङरोड निर्माण हुँदै गएपछि आफ्नो स्वामित्वमा रहेको जग्गाको बिक्री भाउ पनि बढेको स्थानीयले बताएका छन् । एक कट्ठा जग्गा रिङरोडले खाए पनि बाँकी रहेको जग्गाको मूल्य दोव्वर भएको स्थानीय भवानी शंकर भट्टराईले बताए ।भट्टराईले भने- रिङरोड बनेपछि दमक, बिर्तामोड लगायतका ठूला शहरका मानिस पनि गाउँमा जग्गाको खरिद-बिक्री गर्न आउन थालेका छन् ।

शिवसताक्षी नगरको हरेक वस्ती र गाउँ पूर्व-पश्चिम राजमार्गसँग जोडिएपछि गाउँमा यातायातको समस्या हटेको स्थानीयले बताएका छन् । यतिवेला स्थानीयले चाहेकै समयमा यातायातको सुविधा पाउने गरेको शिवसताक्षी नगरकार्यपलिका सदस्य निर्मला न्यौपानेले बताइन् ।

शिवसताक्षी नगरकार्यपालिकाको पहिलो वोर्ड वैठकमै नगर प्रमुख चन्द्रकुमार सेर्माले नगर गौरवको योजना मध्ये रिङरोड निर्माणको पहिलो प्रस्ताव ल्याएका थिए । पञ्चवर्षीय योजना अन्तर्गत रिङरोड निर्माणको प्रस्ताव नगर कार्यपालिकाबाट सर्वसम्मत स्वीकृत भएको थियो । कतिपय स्थानीयले रिङरोड नगर प्रमुखको महत्वकांक्षी योजना भन्दै खिल्ली उडाएका थिए । नगर प्रमुख सेर्माले नगरका हरेक नागरिकलाई पूर्वपश्चिम राजमार्गसँगको सडक सञ्जालमा जोड्न पहिलो कर्तव्य ठानेका थिए । उनले भने- 'निर्वाचनताका मैले सर्वसाधारणसँग बोलेको कुरा अक्षरशः पूरा गर्छु ।' नगरकार्यपालिकाको प्राथमिकतामा रहेको रिङरोड आगामी पाँच वर्षभित्रै पूरा गर्ने उनले बताए ।

धरमपुरबाट शुरु भएको रिङरोड जनताबजार हुँदै माईधारसम्म ३९ किलोमिटर दुरीको छ । त्यसमध्ये ९ किलोमिटर एशियन हाइवे हो । रिङरोडको धरमपुर-चर्चाबारी १५ सय मिटर सडक कालोपत्रे भइसकेको छ । यस्तै अन्य क्षेत्रमा पनि १ किलोमिटर सडक कालोपत्रे नगर आफैले निर्माण गरेको छ । यस्तै शिवगञ्ज नहरचौकसम्मको ६ किलो मिटर सडक पनि यसअघि नै साविकको जिल्ला विकास समितिले निर्माण गरिसकेको छ । अब नगरलाई २२.५ किलो मिटर सडक कालोपत्रे गर्न बाँकी रहेको इञ्जिनियर महेश भण्डारीले बताएका छन् । अबका नगर सभा, संघीय सरकार र प्रदेश सरकारले विकास निर्माणका लागि नगरलाई दिने बजेटले बाँकी रहेको सडक कालोपत्रे गर्ने शिवसताक्षी नगरपालिकाले जनाएको छ । नगरकार्यपालिकाले चालू आवमा ५० लाख रुपैयाँ खर्च गरेर रिङरोडको थप कालोपत्रे गर्न ठेक्का आव्हान गरेको छ। हालसम्म नगरले रिङरोडको अपग्रेडिङ्गका लागि ६ करोड २४ लाख खर्च गरेको नगरको आर्थिक प्रशासन शाखाले जनाएको छ ।

रिङरोड बाट सिधा शिवसताक्षी नगरकार्यपालिकाको कार्यलयमा जोडिन ट्रङ्करोड समेत निर्माण भइसकेको छ । ट्रङ्करोडका निर्माणका लागि नगरले ४ करोड २० लाख रुपैयाँ खर्च गरेको छ । रिङरोडमा पर्ने २४ वटा कल्भर्ट र बक्स कल्भर्ट निर्माण सम्पन्न भएको नगरका सूचना अधिकारी प्रकाशचन्द्र चौधरीले जानकारी दिए ।

रिङरोड निर्माणपछि पर्यटकीय गन्तव्यका रुपमा रहेको प्रशिद्ध धार्मिक एवम् पर्यटकीय स्थल सताक्षीधाम, दोमुखा र चिल्लागढ पोखरीसम्म आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि समेत सहज हुने भएको छ । उक्त रिङरोडलाई दूधे-शिवगञ्ज-झिलझिले-महाभारा र धरमपुर-पाँचगाछीको वैकल्पिक मार्गको रुपमा समेत प्रयोग गर्न सकिने स्थानीयले बताएका छन् ।

# सुखानीमा पुल बन्दै



☐ केशवराज भण्डारी

**झापा, पुस ८।** झापाको अर्जुनधारा नगरपालिका वडा नम्बर ३ को बीच भाग भएर बग्ने सुखानी नदीमा पुल बन्ने भएको छ ।

सुखानी नदीमा पुल नहुँदा त्यस भेगका जनता वर्षयाममा आवतजावत गर्न समेत घुमाउरो बाटो प्रयोग गर्न बाध्य छन् । सुखानी नदीमा यसै आर्थिक वर्षबाट स्थानीय सरकारको पहलमा पुल निर्माणको प्रक्रिया शुरु भएको छ । अर्जुनधारा नगरपालिकाको वडा नम्बर ३ मा पर्ने सुखानी खोलाले वडालाई बीच भागमा चिरेको छ । हिउँदमा सुख्खा देखिने यो नदीले वर्षाको समयमा भने यस क्षेत्रका नागरिकहरुले सास्ती भोग्न बाध्य छन् । वर्षायाममा बिद्यार्थीलाई बिद्यालय आवतजावत गर्न मात्र होइन विरामी पर्दा हस्पिटल जान समेत समस्या हुने गरेको छ ।

सुखानी खोलामा पुल नहुँदा यस भेगका नागरिकहरुको ज्यानै जोखिममा पर्ने परेको छ । सुखानी खोलामा करिब १७ बर्षअघि निर्माण गरिएको कज्वे पनि जीर्ण भइसकेको छ । गएको वर्षायाममा खोला तर्नका लागि स्थानीयले बाँसको पुलको निर्माण गरेका छन् । जसले अस्थाई रुपमा केही सहज भएता पनि निरन्तरको वर्षातका कारण पुल बगाउने गरेको छ ।

सुखानी खोलामा स्थानीय सरकारको पहलमा पुल निर्माण हुने भएपछि स्थानीयहरुका मुहारमा केही खुशी छाएको छ । स्थानीय सरकार र यो क्षेत्रका प्रदेश सांसद र संघीय सांसदहरुको पहलमा पुल निर्माण हुने जनाइएको छ । कूल लागत करिब दुई करोडको लागतमा निर्माण हुन लागेको पुलको लागि यस क्षेत्रका प्रदेश सांसद र संघीय सांसदको पहलमा ५०/५० लाख रुपैयाँ रकम विनियोजन भइसकेको वडाध्यक्ष जीवकुमार भण्डारीले जानकारी दिए । हाल पुलको डिपिर तयारीको काम भइरहेको जनाइएको छ ।

डिपिआर निर्माणको चरणमा रहेको पुल एक बर्षभित्रै निर्माण सम्पन्न हुने वडाध्यक्ष भण्डारीले बताए । निर्माणको चर्चा शुरु भएसँगै यसभेगका स्थानीयहरु पनि पुल बन्नेमा विश्वस्त देखिन्छन् । सुखानी खोलामा पुल निमार्णले वडाबासीलाई मात्र भई इलामको दानाबारी, मंगलबारे, जीतपुर लगायतका बिभिन्न स्थानका नागरिकहरुलाई आवतजावतमा सहज हुने देखिन्छ ।

# गर्न जाने स्वदेशमै कमाउन सकिन्छ



पछिल्लो समय स्वदेशमा भविष्य नदेखेर विदेशिनेको लर्को छ । पढेका र जानेबुझेका अधिकांश युवा भविष्य खोज्दै युरोपियन मुलुकमा पयालन हुने क्रम पनि उत्तिकै छ । रोजगारीका लागि विदेश पुगेका कतिपय युवा उतै व्यवसाय गर्दै बस्ने पनि प्रशस्तै भेटिन्छन् । तर, दक्षिणी झापाको राजगढका चाद महम्मदले विदेशमा सिकेको सिप र आर्जन गरेको रकमले आफ्नै क्षेत्रमा लगानी गरेर समाजकै उदाहरणीय बनेका छन् । विदेशी सुपरमार्केटको अवधारणासहित अघि बढेका उनले पहिलो चरणमा दक्षिणी क्षेत्रमै पहिलोपटक डिजिटल प्रविधिबाट चलचित्र प्रदर्शनका लागि अत्याधुनिक फिल्म हल समेत निर्माण गरेका छन् । व्यवसायिक क्षेत्रमा दीर्घकालीन सोच बोकेर अघि बढेका उनै महम्मदसँग गरिएको कुराकानीको सम्पादित अंश :

**चलचित्र व्यवसाय कस्तो चल्दैछ ?**

- चलचित्र व्यवसाय सोचेभन्दा पनि राम्रो चल्दैछ । गाउँमा यतिको राम्रो प्रतिक्रिया आउनु राजगढ जस्तो ग्रामीण क्षेत्रका अरु विधामा पनि लगानी गर्न थप बल पुगेको छ । सिनेमा हलले एक वर्षको औषत हिसाब हेर्दा युरोप, अष्ट्रेलिया गएर कमाउने पैसाभन्दा यही कमाइँदो रहेछ त्यो पनि घर छिमेकीमा सपरिवारसँगै बसेर ।

**ग्रामीण क्षेत्रमा चलचित्रका लागि धेरै लगानी गर्नु भा छ ? लगानी सुरक्षित त हुन्छ ?**

- 'सिनेमा हल' बनाउने बेलामा मलाई त प्रत्यक्ष रुपमा नभने पनि बुबालाई शतप्रशितले भन्नुहुन्थ्यो कि तपाईंको छोरा पागल भएको छ कि क्या हो- गाउँमा यत्रो लगानी किन गर्दैछ भनेर । को आउँछ फिल्म हेर्न भन्ने कमी थिएनन् । तर, आज त्यही मेरो आँट र साहस एउटा उदाहरण बनेको छ- राजगढमा । राजगढ, बाह्रदशीको शान बनेको छ हाम्रो सिनेमा हल । हर एक राम्रो फिल्ममा प्रतिक्रिया एकदमै राम्रो हुने गर्दछ । दुःख लाग्ने गर्दछ, जब दर्शकहरु सिट नपाएर फर्किन्छन् । किनकि हाम्रो हलले छिमेकी गाउँपालिकाहरुको पनि उत्तिकै माया पाएकोले हरेक राम्रो फिल्म हाउसफुल हुने गर्दछ ।

**पछिल्लो समय सिनेमा हलमा गएर चलचित्र हेर्ने दर्शक घटेका छन् भन्ने आम बुझाइ छ । खास कुरा के हो ?**

- दर्शक घटेकोभन्दा पनि बढेका छन् । पहिला धेरै दर्शकहरुलाई हलको बारेमा थाहा थिएन । अहिले दिनानुदिन बढ्ने क्रम जारी छ । कुनै कमजोर वा फ्लप फिल्ममा दर्शक भएन होला तर, सरदरमा राम्रो छ । हाम्रो हलबाट डिस्ट्रीब्युटरहरु खुशी छन् ।

**चलचित्र क्षेत्रमै किन हात हाल्नु भएको हो ?**

- चलचित्र क्षेत्रमै हात हाल्ने धेरै कारणहरु छन् । सर्वप्रथमः त गाउँठाउँको मायाले गर्दा हो । अनि खासगरी यस ग्रामीण क्षेत्रका सबै दाजुभाइ, दिदीबहिनी लगायत सम्पूर्णबासीहरुलाई मनोरञ्जन दिने हेतुले उचित टिकट दर राखी काठमाडौं, मुम्बई या कुनै ठूलो शहरमा हेरिने नयाँ फिल्महरु त्यही समयमा गाउँघरमा हेर्ने मौका पाए । साथै अमेरिका, युरोपमा प्रयोग गरिने प्रबिधिहरु प्रयोग गरेर बनाइएकोले अमेरिका, युरोप बसेर हेर्ने अनुभव अहिले यही ग्रामीण क्षेत्रमा बसेर लिन पाएका छन् । यस हलमा डब्ली सराउन्डिङ साउण्ड सिस्टम छ । एयर कण्डिसन, अमेरिका एचडी प्रोजेक्टर, पुस ब्याग कर्न्फटेबल सिट, १०/१५ किलोमिटर उत्तर, दक्षिण, पूर्व-पश्चिम चारैतिर हल नभएकाले, यस ग्रामीण क्षेत्रका कोही पनि फिल्म हेर्न यत्रो टाढा जान नपरोस् । साथै कोही पाहुना, साथीभाइहरुलाई लिएर मनोरञ्जन गर्न हल राम्रो भएको । अर्को कारण भनेको हल्का थोरै भए पनि नेपाली चलचित्रलाई विकास गर्न केही मात्रामा भए पनि सहयोग पुगोस् भनेर ।

**अरु पनि थुप्रै व्यवसाय थिए नि र पनि चलचित्र क्षेत्रलाई रोज्नुभयो कुनै खास कारण केही छ कि ? विदेशमा बसेर स्वदेशमा व्यापार कसरी गरिरहनु भएको छ ?**

- वास्तवमा भन्नुपर्दा हामी नेपालीहरु सिप, ज्ञान, बुद्धिमा अरु देशका नागरिकका तुलनामा कम छैनौ । बस अवसर कमी छ । अवसर पाएका नेपालीले देशमा होस् या विदेशमा राम्रै गरेको उदाहरणहरु प्रशस्तै छन् । हाम्रो देश विकासोन्मुख देश र यहाँ धेरै अवसरहरु छन् । त्यही भएर अष्ट्रेलिया जान लागेको भाइलाई रोकेर गाउँठाउँमा केही गर्नुपर्छ भनेर अहिले हल भाइहरुले नै मज्जाले चलाइरहेका छन् ।

**अबको योजना के छ ?**

- अबको योजनाहरु थुप्रै छन् । १३/१४ वर्षको मेरो विदेश बसाईको अनुभव अब हाम्रो नेपाल र हामी नेपालीहरुका लागि प्रयोग गर्ने । थोरै मात्रामा भए पनि विदेश जान नपर्ने गरी स्वदेशमै रोजगार दिने साथै स्थानीय तहमा लाभान्वित हुने गरी कार्यहरु गर्ने ।

**राजगढभन्दा अरु पनि ठाउँ थिए नि लगानी गर्ने तर किन राजगढ मै लगानी ?**

- राजगढ भनेको जन्मथलो । यही हुर्केऊ, बढ्यौं, +२ सम्मको अध्ययन पनि यहींबाट गर्‍यौं । त्यही भएर यस ठाउँको विकास गर्नमा हामी जस्तो युवाहरुले मद्दत नगरे कसले गर्छ भन्ने मनमा लाग्यो । राजगढ एउटा शुरुवातको बिन्दू हो र बिस्तारै अरु क्षेत्र अनि शहरतिर पनि बिस्तार गर्दै जाने योजना छ ।

**सुपर मार्केट बनाउने योजना कहाँ पुग्यो ?**

- सुपरमार्केट खोल्ने योजना यही दशैंमा गरेका थियौं । तर, समयमा कम्पनीले राजीनामा स्वीकार नगरेकाले अलि ढिलो हुन पुगेको हो । तर, छिट्टै आउँदैछ । ९० प्रतिशत मौका चाहिँ यही २०७७ बैशाख १ गते हुनेछ ।

**कस्तो अवधारण छ सुपरमार्केटको ?**

- सुपरमार्केटको अवधारणा युरोप, अमेरिका जस्तै विश्वस्तरीय नै हुनेछ । जहाँ चाहिँ बजार भाउभन्दा सस्तो अनि गुणस्तरीय सामान पाइनेछ ।

**चल्ला त ग्रामीण क्षेत्रमा सुपरमार्केट ?**

-उद्देश्य नै यही लिएका छौं कि ग्रामीण क्षेत्रका सबै जनामा युरोप, अमेरिका जस्तै विश्वस्तरीय सपिङको मज्जा लिन सकोस् । त्यो पनि सहुलियत मूल्यमा एउटै पसलभित्र घरायसी प्रयोगका सबै सामान पाउने भएकाले मज्जाले चल्छ । हामीलाई पूर्ण विश्वास छ कि सिनमा हल जस्तै पूर्ण माया पाउने छौं ।

**अरु के-के गर्नुहुन्छ ?**

- अहिले म गल्फको नम्बर १ रिटेलर मार्केटको जेनेरल मेनेजर हुँ । मेरो तल चार सयमाथि कामदाहररु काम गर्नुहुन्छ । एक सय जनाको हाराहारीमा त्यहींकाबासी र चार सयमाथि विदेश कामदारहरु रहेका छन् ।

**विदेश किन र कसरी पुग्नुभयो ? विदेशमै राम्रो कमाई छैन र ?**

- म शुरुबाटै एक जेहेन्दार बिद्यार्थी थिए र पढाई एकदमै राम्रो थियो । त्यतिखेर देशको परिस्थिति र द्वन्द्वकाल अनि साथीहरुको लहैलहैमा विदेश जानलाई भारतको दिल्ली पुगियो र धेरै दुःख गरेर विदेश जाने भिसा पाइएकाले त्यहाँ पुगेर पनि हामी नेपालीले सजिलो काम पाउन धेरै गाह्रो थियो र शुरुमा लेबरको काम गरियो । बिस्तारै आफ्नो दक्षता र प्रतिभा देखाएर जेनेरल मेनेजरसम्म भइयो । कमाई नि चित्त बुझ्दो तरिकाले गरियो र अहिले पनि राम्रो छ ।

**परिवारसहित उतै रमाएको मान्छे तपाई फेरि विदेशमा पनि विभिन्न सामाजिक संघ-संस्थामा हुनुहुन्छ ? नेपालमा मन रमाउला र ?**

- विदेशमा सात/आठ वर्षदेखि परिवार र बच्चाहरु पनि सँगै छन् । स-परिवार बस्न पाउँदा रमाइलो त हुन्छ नै तर वनको चरा वनैमा रमाउँछ भने जस्तै जतिसुकै सुख-सयल, राम्रो कमाइ, राम्रो सुविधा भए पनि मन रमाउने भनेको नेपालमा नै हो । मरिलानु के छ र दुई दिनको जिन्दगी अर्काको देशमा धेरै पसिना बगाइयो अरु त्यो अनुभवलाई देशमै सदुपयोग गर्नेछु ।

**विगतलाई आफूले आफैंलाई सम्झनु पर्‍यो भने कसरी सम्झनु हुन्छ ?**

- हजुर, परदेशमा भएर पनि विभिन्न संघ-संस्थामा आबद्ध हुने मौका मिलेको छ । र, धेरै नेपाली साथीहरुको उद्धार तथा पीडाको अवस्थामा सहयोग गर्ने मौका मिलेको थियो र अझै पनि अग्रसर छौं । र, त्यो क्रम जारी नै रहनेछ । आगामी योजना पनि नेपाल आएर अनुदान संस्था खोलेर दिन दुःखीहरुलाई सहयोग गर्नेछौं ।

**विगतलाई आफूले आफैंलाई सम्झनु पर्‍यो भने कसरी सम्झनु हुन्छ ?**

- बिगत सम्झिँदा के लाग्छ भने अहिलेका जति पनि उपलब्धिहरु छन् । सबै सपना जस्तै लागिरहेको छ । र, म त के भन्छु भने दृढ विश्वास, साहस, मेहनत जोखिम उठाएर जे पनि गर्न चाह्यौ भने सफलता प्राप्त गर्न सक्छौं । नयाँ तरिका र बुद्धि लगाएर काम गर्‍यौं भने नेपाल जस्ते राम्रो पैसा कमाउने ठाउँ अरु हुने छैन । मैले बुबाको सपना साकार पार्नुछ । भर्खरै बुबा गुमाउँदा कतै बुबाको सपना साकार पार्न सक्दिनँ कि झै लागेको छ । बुबा गुमाएको पीडा विर्सिएर भए पनि बुबाको सपना साकार पार्न लागीपर्नेछु । बुबाले मलाई यही ठाउँमा संघर्ष गरेर हुर्काउनु भयो, बढाउनु पढाउनुभयो अब हामीले गर्ने बेलामा बुबा गुमाएकाले उहाँको सपना साकार पार्न राजगढका लागि नयाँ-नयाँ योजना भित्र्याएर सबैको मन जित्नुछ । अहिलेसम्म मलाई अगाडि बढाउन ज-जसले, जुन-जुन क्षेत्रबाट साथ दिनु भएको छ, उहाँहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

